# घरपझोङ गाउँ कार्यपालिकाको कार्यालय
# जोमसोम, मुस्ताङ

# लैंगिक उत्तरदायी वजेट(GRB) परिक्षणको प्रतिवेदन

प्रतिवेदन तयार गर्ने:
रियल पिस ईनोभेटिभ कन्सल्टेन्सी प्रा.लि.
वेनी न.पा. वडा नं. ७, वेनी, म्याग्दी ।
सम्पर्क नम्बर: ९८४७६३५७६०
**Email:** pabitrakc12@gmail.com

**१. पृष्ठभूमी**

नेपालको संविधान, २०७२ मा उल्लेखित राज्यको दायित्व तथा निर्देशिक सिद्धान्त तथा नीतिहरुमा महिला, दलित, आदिवासी जनजाती, मधेसी, उत्पीडित तथा उपेक्षित र अल्पसंख्यंक समुदाय र पिछडिएको क्षेत्र लगायतले भोग्नु परेका समस्याहरुलाई सम्वोधन गर्न राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनरसंरचना  गर्ने प्रावधान राखिएको छ। यसै उद्देश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट २०६८ सालमा स्थानीय निकाय लैंङ्गिक उत्तरदायी वजेट परिक्षण  निर्देशिका, २०६८, जारी गरी लागु गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण (लैससास) सम्बन्धी व्यवस्था प्रस्ताबनामा नै उल्लेख गरिएको छ। यसका अलावा दफा ११ को स्थानीय तहको काम, कर्तव्य र अधिकारको उपदफा (२) (त) मा जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन गर्ने जिम्मेवारी अन्तर्गत विभिन्न कियाकलापहरु सञ्चालन गर्ने अधिकार प्रदान गरेको छ भने दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना बनाउँदा संघीय सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सिमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वाताबरणमैत्री, बालमैत्री, जलबायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैङ्गिक  तथा सामाजिक समावेशिकरण अन्तर सम्बन्धित विषयहरुलाई ध्यान दिनु पर्नेछ भन्ने व्यवस्था उल्लेख गरिएको छ। यसै गरी सोहि दफाको उपदफा (३) मा पालिकाहरुले आफ्ना योजना बनाउदाँ महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैससास अभिबृद्धि हुने खालका योजना, बजेट तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्ने भनि उल्लेख गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण (लैससास) सम्बन्धी व्यवस्था प्रस्ताबनामा नै उल्लेख गरिएको छ। यसका अलावा दफा ११ को स्थानीय तहको काम, कर्तव्य र अधिकारको उपदफा (२) (त) मा जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन गर्ने जिम्मेवारी अन्तर्गत विभिन्न कियाकलापहरु सञ्चालन गर्ने अधिकार प्रदान गरेको छ भने दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना बनाउँदा संघीय सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसिमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वाताबरणमैत्री, बालमैत्री, जनबायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैङ्गिक  तथा सामाजिक समावेशिकरण अन्तर सम्बन्धित विषयहरुलाई ध्यान दिनु पर्नेछ भन्ने व्यवस्था उल्लेख गरिएको छ। यसै गरी सोहि दफाको उपदफा (३) मा पालिकाहरुले आफ्ना योजना बनाउदाँ महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैससास अभिबृद्धि हुने खालका योजना, बजेट तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्ने भनि उल्लेख गरिएको छ।

यसै गरी नेपालको संविधान लगायत यसअघिका संविधानहरूले व्यवस्था गरेका समानताको हकको धारा १८,लैङ्गिक समानताप्रति नेपाल सरकारको प्रतिबद्धता,CEDAW (महिलामाथि हुने सवै प्रकारका बिभेद बिरुद्धको सम्मेलन) , UNSCR (सयुक्त /राष्ट्रसंघिय सुरक्षा परिषदको दस्तावेज) र दिगो विकास लक्ष्यहरु जस्ता अन्तराष्ट्रिय प्रतिबद्धता,विस्तृत शान्ति समझौता पछि विकास भएको समावेशी विकासको अवधारणा,भुकम्प पछिको लैङ्गिक समानता तथा समाजिक समावेशी विकासले पाएको प्राथमिकताको ले लैगिंक विषय वस्तु सोचले लैङ्गिक उत्तरदायी बजेटमा प्राथमिकता पाएको छ ।

विकेन्द्रीत योजना प्रकृया अनुरुप स्थानीय निकायहरुको योजना, कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा लैङ्गिक समता, सशक्तिकरण र मुलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण प्रकृयाका विभिन्न चरणहरुमा आवश्यक समन्वय कायम गराउनुका साथै सहकार्यका लागि प्रतिवद्धता ब्यक्त भएका छन् । गाउँ तथा नगरमा वसोवास गर्ने आदीवासी जनजाति, दलित, मधेसी, मुस्लिम, पिछडिएको समुदाय, विभिन्न कारणले पछाडि परेको समुह तथा अन्य समुदाय समेतका महिला,पुरुष, अपाङ्गता भएका ब्यक्तिहरु, जेष्ठ नागरिक र बालवालिकाको आवश्यकतालाई विश्लेषण गरी सम्बोधन गर्न स्थानीय निकायले लैङ्गिक मुलप्रवाहिकरण तथा सामाजिक समावेशी व्यवस्थालाई संस्थागत गर्दै लैजानु पर्ने हुन्छ ।

## २. Gender Responsive Budget (GRB) के हो ?

लैंगिक उत्तरदायी बजेट भनेको महिला र पुरुषको समविकासका लागि ल्याइने बजेट हो । जुन समुदाय वा समाजमा महिला र पुरुषको समविकास हुन सकेको हुँदैन, त्यो वर्गको विकासमा देखिएका समस्या समाधानका लागि महिला र पुरुषका अवश्यकता र चाहना प्राथमिकिकरण गरी स्थानीय सरकारले लक्षित गरी कार्यक्रम र बजेट ल्याउछ । बजेट कार्यान्वयनबाट महिला पुरुषको समविकासमा टेवा पुऱ्याएर न्याय दिने काम गर्दछ । यसैलाई लैंगिक उत्तरदायी बजेट भनिन्छ ।

- महिला र पुरुष दुवैका आवश्यकतालाई सम्बोधन गर्ने गरी तर्जुमा गरिने बजेट
- नीति, कार्यक्रम, बजेट तथा खर्चमा लैङ्गिक संवेदनशीलतालाई सम्बोधन गर्ने प्रयास गरिएको बजेट
- नतीजा उन्मुख बजेट प्रणालीको एक औजार
- विकासको प्रतिफलमा महिला र पुरुषमा समान वितरण गर्ने पहल

- बजेट र कार्यक्रमका सबै पक्षहरूमा महिला तथा पुरुषको सन्तुलित लाभको सुनिश्चित गर्ने प्रक्रिया
- लैङ्गिक समानता, सशक्तीकरण र मूलप्रवाहीकरणको रणनीति

लैङ्गिक समानताको नीति एवम् समष्टिगत आर्थिक नीतिका बीच सम्बन्ध स्थापित गर्ने महत्वपूर्ण औजार ज्याला बिनाका कार्यहरू, विशेषगरी घरायसी कार्यहरूको समेत मौद्रिक रुपान्तरण गरी महिलाहरुको कार्यलाई राष्ट्रिय आयमा तिनको भूमिकाको खोजी गर्ने प्रक्रिया भएकोले सरकारी क्षेत्रमा मात्र सीमित नरही सरकारी स्वामित्वका संस्थानहरू, विकासका साझेदारहरू, गैर सरकारी क्षेत्र र निजी क्षेत्रमा समेत लागु हुने प्रणाली हो र यो महिलाका लागि मात्र छुट्टै बजेट निर्माण प्रक्रिया होइन, महिला र पुरुषका लागि ५० प्रतिशत बजेट बनाउनुपर्ने पनि होइन, बरु बजेट तथा कार्यक्रमका सबै पक्षलाई लैङ्गिक संवेदनशीलताको आँखाले हेर्ने प्रक्रिया हो ।

तसर्थ कुल बजेटको अनुमान, आयको आधारको खोजि, विभिन्न शीर्षकहरुमा गरिने विनियोजन र खर्च, खर्चको अभिलेख र लेखाजोखा लगायतका सम्पुर्ण पक्षमा लैङ्गकि समानताको लक्ष प्राप्तिलाई केन्द्रमा राखेर उदेश्यमूलक ढङ्गले, योजनाबद्धरुपमा, लैङ्गिक विश्लेषण सहित आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुने गरि बजेट तर्जुमा प्रकृया लैङ्गिक उत्तरदायि  बजेट पद्धति हो ।

## ३. लैङ्गिक उत्तरदायी बजेटः Gender Responsive Budget (GRB) औचित्य

- महिला र पुरुषका बीचमा रहेका अधिकार, जिम्मेवारी र परिणामहरूको विभेदलाई विश्लेषण गरी योजना, बजेट र कार्यक्रम तर्जुमा गरी खर्च गर्न .
- योजना, बजेट र कार्यक्रमहरूको उपलब्धि र प्रभावहरूलाई लैङ्गिक आँखाले मूल्यांकन गर्न .
- लैङ्गिक संवेदनशील नीति कार्यान्वयनका लागि बजारपरक लागत मूल्य निकाल्न र पर्याप्त बजेटको व्यवस्था गर्न .
- लैङ्गिक समानता र आर्थिक समृद्धि बीच अर्थपूर्ण सम्बन्ध स्थापित गर्न .
- अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू पूरा गरी लैङ्गिक सवालमा नेपालको प्रयासलाई विश्वसामु सकारात्मक रुपमा पुऱ्याउन

- निरक्षरहरुको दुइ तिहाई हिस्सा महिला भएको हुनाले
- देशको जनसंख्यामा आधा भन्दा वढी हिस्सा ओगटेका महिलाहरुको नीति निर्माण तह तथा व्यावसायिक क्षेत्र दुवैमा न्यून प्रतिनिधित्व भएको हुनाले
- श्रोत तथा सेवाहरुमा महिलाहरुको नियन्त्रण अत्यन्तै कम भएकोले
- धेरै क्षेत्रहरुमा समान काममा महिलाहरुले समान ज्याला नपाइराखेको हुनाले
- बच्चाहरू तथा परिवारका सदस्यहरुको पालनपोषण र हेरचाह गर्ने जस्ता बेतलबी कामहरूमा महिलाहरुले नै गर्नु परेकोले

**४. विधि**

लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण गर्न सहभागितामुलक प्रकृया अवलम्बन गरिएको थियो विशेषगरी यो परिक्षण कार्यमा निम्न लिखित विधिहरुको प्रयोग गरिएको थियो ।

**क) दस्तावेजहरुको अध्ययन**

- गाउँपालिकाको आवधिक योजना
- वार्षिक योजनाहरु
- बार्षिक प्रगति समिक्षा प्रतिवेदन
- गाउँपालिकाका क्षेत्रगत योजनाहरु
- गाउँपालिकावाट जारी गरिएका ऐन, नियम, निर्देशिका, कार्यविधि, दिग्दर्शनहरु
- आर्थिक प्रतिवेदनहरु

**ख) मुख्य सूचकहरुसँगको अन्तरवार्ता :**

- शाखागत प्रमुखहरुसँग अन्तरवार्ता
- वडा कार्यालयका पदाधिकारीहरु, आमा समुह तथा वाल क्लवका पदाधिकारीहरु संग अर्न्तवार्ता


**ग) गाउँपालिकाले छुट्याएको वजेटको अध्ययन**

## ५. नेपाल लैङ्गिक उत्तरदायित्व सम्बन्धित संवैधानिक तथा कानुनी व्यवस्थाहरू

- लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३
- लैंगिक उत्तरदायी बजेट स्थानीयकरण रणनीति २०७२
- स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कन कार्यबिधि, २०७५
- स्थानीय तहमा लैंगिक समानता र सामाजिक समावेशीकरण परिक्षण कार्यबिधि २०७७ नमुना)
- प्रदेश तथा स्थानीय तहका लागि लैंगिक उत्तरदायी बजेट नमुना निर्देशिका २०७७ ले व्यवस्था गरेको कोडिङ्ग विधी अपनाई पालिकाले लैगिंक उत्तरदायी बजेट परिक्षण गरिएको थियो ।

## ६. लैङ्गिक उत्तरदायी बजेटः Gender Responsive Budget (GRB) परिक्षण :

यस घरपझोङ्ग गाउापालिकाले प्रदेश तथा स्थानीय तहका लागी लैङ्गिक उत्तरदायी बजेट नमुना कार्यविधी २०७७ मा आधारीत भएर यही कार्तिक २८ गते गाउँपालिकाको सभा हलमा पालिका प्रमुख ,उपप्रमुख ,प्रमुख प्रशासकिय अधिकृत, शाखा प्रमुख लगायत स्वास्थ्य, लेखा ,कृषि , वडा कार्यालयका कर्मचारीको उपस्थितीमा गरिएको थियो । लेखा शाखा को सहजिकरणमा सम्पूर्ण कार्यक्रमलाई कोडिङ्ग निम्न बमोजिम गरिएको थियो र यस प्रस्तुतीककरण सम्पूर्ण कार्यपालिकाको वैठकमा गरिएको थियो। यस पालिकाको योजनाहरुलाई निम्न बमोजिमको ढाँचामा कोडिङ्ग बजेटको विश्लेषण गरिएको थियो ।



## लैंगिक उत्तरदायी बजेट तर्जुमाका तह

**पहिलो तह**
जुन क्षेत्रका लागि कार्यक्रम तर्जुमा गर्न लागिएको हो, सो क्षेत्रको वस्तुस्थिति, महिला तथा पुरुषका अवस्था देखाउने सूचना तथा तथ्यांकको विश्लेषण गर्ने

**दोस्रो तह**
पहिलो चरणको विश्लेषणलाई सम्बोधन गर्ने, महिला तथा पुरुषको अवस्थामा सुधार हुने र लैङ्गिक पक्षलाई यथेष्ट ध्यान दिइएका कार्यक्रमहरूलाई प्राथमिकीकरण गर्ने

**तेस्रो तह**
छानिएका कार्यक्रमहरूको कार्यान्वयनका लागि पर्याप्त बजेट विनियोजन गर्ने

**चौथो तह**
कार्यक्रम कार्यान्वयनबाट उद्देश्य अनुसारको उपलब्धिको सुनिश्चितता गर्ने

**पाँचौ तह**
कार्यक्रमहरूको कार्यान्वयनबाट महिलाहरूमा सकारात्मक परिवर्तन तथा लैङ्गिक समानता सुनिश्चित गर्ने

**शुरुवात परियोजना चक्रको पहिलो चरणबाट नै गर्नुपर्ने**

### ७. लैंगिक उत्तरदायी बजेट को अवस्था:

घरपझोङ गाउँपालिकाले आ.व. २०८१/०८२ मा कुल जम्मा वजेट रु. ३०,४०,२२,४९०।०० विनियोजन गरेकोमा अपाङ, जेष्ठ नागरीक, दलित, वालवालिका, महिला मा रु २,९०,८५,०००।०० रकम विनियोजन भएको र सोमा रु. २,६५,००,५००।३२ खर्च भै लक्षित वर्गमा खर्च प्रतिशत ११.९० रहेको देखियो । खर्च प्रतिशत लाई विश्लेषण गर्दा लैगिक उत्तरदायी वजेटमा ११.९० प्रतिशत खर्च भएकाले यो लैंगिक वजेट कोडिङ अनुसार **सहयोगी** वजेटको रुपमा देखियो । आगामी दिनमा सहयोगी वजेटलाई निर्दिष्ट वजेटमा रुपान्तरण गर्नका लागि महिला, पिछडिएको वर्ग, वालवालिका, जेष्ठ नागरीक, अपाङ, दलित क्षेत्रमा विशेष वजेटको व्यवस्था गर्नु पर्ने देखियो ।

### आ.व. २०८१/०८२ को लक्षित समुह अनुसार वजेट तथा खर्चको विवरण

| क्र.सं | लक्षित समुह | विनियोजित वजेट | विनियोजित वजेट प्रतिशतमा | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | अपाङ्ग | ९१००००।०० | ०।३० | ७८५३१७।०० | ०।३५ |
| २ | जेष्ठ नागरीक | ३१००००।०० | ०।१० | २८२९५६४।०० | १।२७ |
| ३ | दलित | १०००००।०० | ०।०३ | १०००००।०० | ०।०४ |
| ४ | वालवालिका | २२२७००००।०० | ७।३३ | १७७५६६९६।३२ | ७।९८ |
| ५ | महिला | ५४९५०००।०० | १।८१ | ५०२८९२३।०० | २।२६ |
| लक्षित वर्ग जम्मा | | २९०८५०००।०० | ९।५७ | २६५००५००।३२ | ११।९० |
| ६ | अन्य | २७४९३७४९०।०० | ९०।४३ | १९६१४७९३७।७५ | ८८।१० |
| **कुल जम्मा** | | ३०४०२२४९०।०० | १००।०० | २२२६४८४३८।०७ | १००।०० |

**८. निस्कर्षः**
आगामी दिनमा वजेट विनियोजन गर्दा तल उल्लेखीत क्षेत्रमा वेशी फोकस गरी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्नु पर्ने देखियो ।

